## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १ मितिः २०८०/०३/२५

भाग-१

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,को दफा को उपदफा (३) बमोजिम आठविसकोट नगर सभाबाट स्वीकृत एनहरु सर्वधारणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ ।

## आठविसकोट नगरपालिकाको आर्थिक ऐन, २०८०

नगर सभामा पेश भएको मिति: २०८०/०३/१०

नगर सभाबाट पारित भएको मिति: २०८०/०३/११

प्रमाणिकरण मितिः २०८०/०३/२५

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

## आठविसकोट नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## आठविसकोट, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

# आठविसकोट नगरपालिकाको आर्थिक ऐन, २०८०

आठविसकोट नगरपालिका

रुकुम (पश्चिम)

आठविसकोटनगरपालिका, रुकुम(पश्चिम)

# आठविसकोट नगरपालिकाको आर्थिक ऐन, २०८०

आठविसकोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८०

**प्रस्तावना** : आठविसकोट नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट गर्ने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उप धारा (२) बमोजिम आठविसकोट नगर सभाले यो ऐन पारित गरि लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम आठविसकोट नगरपालिकाको **आर्थिक ऐन, २०८०** रहेको छ।

(२) यो ऐन २०८० साउन १ गते देखि आठविसकोट नगरपालिका क्षेत्रभरी लागू हुनेछ।

**२. सम्पति कर :** नगरपालिका क्षेत्र भित्र अनुसुची -१ क, ख, ग, घ र ङ बमोजिम सम्पतिकर लगाइने र असुल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत कर ) :** नगरपालिका क्षेत्र भित्र अनुसुची -२ बमोजिम भूमी कर (मालपोत कर ) लगाइने र असुल उपर गरिनेछ ।

**४. घर बहाल कर :** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुची -३ बमोजिम घर बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

**५. व्यवसाय कर :** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा सञ्चालन भएका व्यवसायहरुमा दर्ता र नविकरण वापत अनुसुची -४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ

**६. जडिबुटी, कवाडी र जिवजन्तु कर :** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख,छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसुची -५ बमोजिम जडिबुटी, कवाडी र जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ ।

**७. सवारी साधन कर :** नगरपालिका क्षेत्र भित्र दर्ता भएका स्थानिय रुटमा सवारी साधनमा अनुसुची -६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसुची -७ विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

**९. मनोरञ्जन कर :** नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसायमा सेवामा अनुसुची -८ मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१०. ढुङ्गा गिट्टी बालुवा माटोमा लाग्ने दहत्तर बहत्तर कर :** सार्वजनिक खरिद ऐन नियमावलीको अधिनमा रही नगरपालिका क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, बालुवा तथा माटो उत्खनन गर्नै स्थलहरुको सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणिय प्रभाव मूल्याङ्कन तथा विस्तृत परियोजना प्रतिवेदनका आधारमा ढुङ्गा, गिट्टी, बालुवा तथा माटोको उत्खननका लागि ठेक्का आव्हान गरिनेछ । सार्वजनिक खरिद प्रक्रियाबाट यस्तो कर सङ्कलन नहुने देखिएमा कर्णाली प्रदेश सरकारको आर्थिक ऐन, २०८० को दररेटमा नगर कार्यपालिकाको निर्णय बमोजिम यस्तो कर लगाई असूल गरिनेछ।

**११. बहाल विटौरी शुल्क :** नगरपालिका क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची -९ मा उल्लेख भए अनुसारहाट बजार वा पसलमा सोही अनुसुचीमा भएको व्यस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१२. पार्किङ शुल्क :** नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएमा अनुसुची -१० मा उल्लेख भए अनुसार पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१३. ट्रेकिङ, कोयोकिङ,क्यानोइङ, बन्जी जम्पिङ, जिप फ्लायर**, ज्याप्टिङ **शुल्क :** नगरपालिकाले आप्नो क्षेत्र भित्र ट्रेकिङ, कोयोकिङ,क्यानोइङ, बन्जी जम्पिङ, जिप फ्लायर ज्याप्टिङ सेवा वा व्यवसाय संचालन गरे वापत गराएमा अनुसुची -११ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१४. सेवा शुल्क, दस्तुर :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिप फ्लायर, ज्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत गराएमा अनुसुची -१२ बमोजिमको शुल्क लगाइने र असुलउपर गरिनेछ ।

**१५. पर्यटन शुल्क :** नगरपालिकाले आप्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची-१३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१६. फोहोरमैला व्यवस्थापन शुल्क :** नगरपालिकाले आप्नो क्षेत्र भित्रको फोहोरमैला व्यवस्थापनन गरे वापत अनुसुची-१५ मा उल्लेखित दरमा फोहोरमैला व्यवस्थापन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१७. जरीवाना :** कानुन विपरीत कार्य गर्ने व्यक्ति वा निकायलाई अनुसुची-१६ बमोजिम सजाय हुनेछ ।

**१८. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

**१९. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ।

**२०. सजाय हुने :** तोकिएको समयावधि भित्र वा आर्थिक वर्षभित्र कर नतिर्ने व्यक्ति वा निकायलाई थप १० % जरिवाना लाग्नेछ।

**२१. यस ऐनमा** उल्लेख भए बाहेकका अन्य शुल्क वा दस्तुर लिनु पर्ने भएमा नगर कार्यपालिकाले निर्णय गरी तोक्न सक्नेछ।

**२२.नगरपालिका भरी** मदिराजन्य पदार्थ उत्पादन, आयात, बिक्री वितरण, नियन्त्रण तथा नियमन र सेवन सम्बन्धि नगर कार्यपालिकाले कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ। नगर कार्यपालिकाको समन्वयमा वडाहरुले संघीय, प्रादेशिक र नगरपालिकाको नियम प्रतिकूल नहुने गरि छुट्टै कार्यविधी निर्माण गरि लागू गर्न सक्नेछ।

**२३.नगर** कार्यपालिकाले मानविय स्वास्थ्यमा प्रतिकुल असर पार्ने सुर्तिजन्य पदार्थ (चुरोट, सुर्ति विँडी लगायत) एवम् यस्तै अन्य पदार्थको उत्पादन, आयात र बिक्री वितरणमा नियमन गर्ने गरी आवश्यक नियम, कार्यविधी वा मापदण्ड बनाउन वा शर्तहरु तोक्न सक्नेछ।

**२४. नगरअस्पतालको सेवा शुल्क तथा दस्तुर सम्बन्धी व्यवस्था :** यस नगरपालिकाको नगर अस्पताल तथा नगर क्षेत्रका स्वास्थ्य संस्थाहरुबाट अस्पताल तथा स्वास्थ्य व्यवस्था व्यवस्थापन समितिको निर्णय समेतका आधारमा अनुसुची १७ बमोजिमको सेवा तथा दस्तुर लगाउन र असुल गर्न सकिनेछ।

**<u>अनुसूचीहरु</u>**

**अनुसूची १**

- सम्पत्तिकर

| क्र सं | विवरण | दर(प्रतिशत) | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | पहिलो ५ लाखसम्म | ०।०२ | प्रगतिशील करको सिद्धान्त अनुसार | घर र घरदे चर्केको जग्गामा सम्पत्तिकर लगाइनेछ। वार्षिक जरिवाना १० प्रतिशत हुनेछ। थप व्यवस्था सम्पत्तिकर सम्बन्धी कार्यविधी २०७४ को मूल्याङ्कन समितिले तोके अनुसार हुनेछ। |
| | ५ लाख देखि १० लाखसम्म | ०।०३ | | |
| | १० लाख देखि २० लाखसम्म | ०।०५ | | |
| | २० लाख देखि ५० लाखसम्म | ०।०७ | | |
| | ५० लाख देखि १ करोडसम्म | ०।०९ | | |
| | १ करोड देखि ५ करोड सम्म | ०।१ | | |
| | ५ करोड देखि माथि | ०।११ | | |

१ (क)

**संरचनाको मुल्य निर्धारण**

| क्षेत्र | संरचनाको मूल्य (प्रति वर्ग फिट) रु. | | | |
|---|---|---|---|---|
| | आर.सि.सी. फ्रेम स्टक्चर | सिमेन्ट जोडाईमा आर.सि.सी. छाना | माटोको जोडाईमा आर. सि.सी. वा स मेण्ट जोडाईमा जस्ता वा टायलको छाना | माटोको जोडाईमा जस्ता वा टायलको छाना |

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

| | | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसावास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसावास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसावास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसावास |
|---|---|---|---|---|---|---|---|---|---|
| क | व्यापारिक क्षेत्र | ३३०० | २५०० | १९८० | १५०० | १३२० | १००० | ११०० | ८८० |
| ख | आवासिय क्षेत्र | ३००० | २००० | १८०० | १३०० | १२०० | ९०० | १००० | ८०० |
| ग | कृषि क्षेत्र | २७०० | १८०० | १६२० | ११०० | १०८० | ८०० | ९०० | ७२० |
| घ. | वन तथा वगर क्षेत्र | २४३० | १५०० | १४५८ | ९०० | ९७२ | ७०० | ८१० | ६४८ |

कच्ची घरको एकमुष्ट मुल्य निर्धारण

| वडा नं. | कच्ची घरको प्रकार र न्यूनतम मूल्य रु. | | | | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|---|
| | घ१ | घ२ | घ३ | घ४ | | |
| १ | ५००००० | ३००००० | २००००० | ५०००० | | |
| २ | ५००००० | ३००००० | २००००० | ५०००० | | |
| ३ | ५००००० | ३००००० | २००००० | ५०००० | | |
| ४ | ५००००० | ३००००० | २००००० | ५०००० | | |
| ५ | ५००००० | ३००००० | २००००० | ५०००० | | |
| ६ | ५००००० | ३००००० | २००००० | ५०००० | | |
| ७ | ५००००० | ३००००० | २००००० | ५०००० | | |
| ८ | ५००००० | ३००००० | २००००० | ५०००० | | |
| ९ | ५००००० | ३००००० | २००००० | ५०००० | राडी बजार बाहेकका क्षेत्रमा | |
| | ६००००० | ४००००० | ३००००० | १००००० | राडी बजार क्षेत्रमा व्यापारिक वा व्यावसायिक प्रयोजन बाहेक | |
| | ७००००० | ५००००० | ४००००० | १५०००० | राडी बजार क्षेत्रमा व्यापारिक वा व्यावसायिक प्रयोजनको लागि | |
| १० | ५००००० | ३००००० | २००००० | ५०००० | | |
| ११ | ५००००० | ३००००० | २००००० | ५०००० | सिम बजार र चिसापानी बजार क्षेत्र बाहेक | |
| | ६००००० | ४००००० | ३००००० | १००००० | सिमबजार र चिसापानी बजार क्षेत्रमा व्यापारिक वा व्यावसायिक प्रयोजन बाहेक | |
| | ७००००० | ५००००० | ४००००० | १५०००० | सिमबजार र चिसापानी बजार क्षेत्रमा व्यापारिक वा व्यावसायिक प्रयोजनको लागि | |
| १२ | ५००००० | ३००००० | २००००० | ५०००० | | |
| १३ | ५००००० | ३००००० | २००००० | ५०००० | छेपारे-सिमबजार सडकको १०० मिटर बाहिरका सबै क्षेत्र | |
| | ५५०००० | ३५०००० | २५०००० | ५५००० | छेपारे-सिमबजार सडकको १०० मिटर भित्रका व्यावसायिक र व्यापारिक प्रयोजन बाहेकका क्षेत्र | |
| | ६००००० | ४००००० | ३००००० | ६०००० | छेपारे-सिमबजार सडकको १०० मिटर भित्रका व्यावसायिक र व्यापारिक प्रयोजनका क्षेत्र | |
| १४ | ५००००० | ३००००० | २००००० | ५०००० | छेपारे-सिमबजार सडकको १०० मिटर बाहिरका सबै क्षेत्र | |
| | ५५०००० | ३५०००० | २५०००० | ५५००० | छेपारे-सिमबजार सडकको १०० मिटर भित्रका व्यावसायिक र व्यापारिक प्रयोजन बाहेकका क्षेत्र | |
| | ६००००० | ४००००० | ३००००० | ६०००० | छेपारे-सिमबजार सडकको १०० मिटर भित्रका व्यावसायिक र व्यापारिक प्रयोजनका क्षेत्र | |

आठबिसकोटनगरपालिका, रुकुम(पश्चिम)

| | |
|---|---|
| (१) | **घ१** भन्नाले ढुङ्गा वा इट्टाको गारो, टिन वा स्लेटले टोएको छानो, भुँइतला र बाँकी २ तला (बँइकल) भएका एवम् बाहिर सिमेन्ट प्लाष्टर गरिएका घरहरुलाई बुझिन्छ। |
| (२) | **घ२** भन्नाले ढुङ्गा वा इट्टाको गारो , टिन व स्लेटले छोएको छानो, भुँइतला र बाँकी १ तला भएका घरहरुलाई बुझिन्छ। |
| (३) | **घ३** भन्नाले ढुङ्गा वा इट्टाको गारो भई खर वा फुसले छाएको, भुईतला र थप एक तला भएका घरहरुलाई बुझिन्छ। |
| (४) | **घ४** भन्नाले घ१, घ२ र घ३ बाहेकका घरहरुलाई बुझिन्छ। |

**अनुसूची १ (ख)**

आ व २०८०/८१ को घर जग्गा रजिषेट्रसन पारित गर्ने तथा सम्पत्ति कर उठाउने प्रयोजनका लागि प्रति ५०० वर्गमिटरको न्यूनतम मूल्याङ्कन

| वडा नं | जग्गा | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|
| १ | खेत | | | ५५०००\|०० | ३३०००\|०० |
| | पाखो | | | ४४०००\|०० | २२०००\|०० |
| २ | खेत | | | ५५०००\|०० | ३३०००\|०० |
| | पाखो | | | ४४०००\|०० | २२०००\|०० |
| ३ | खेत | | | ५५०००\|०० | ३३०००\|०० |
| | पाखो | | | ४४०००\|०० | २२०००\|०० |
| ४ | खेत | | ५५०००\|०० | ४४०००\|०० | ३३०००\|०० |
| | पाखो | | ५५०००\|०० | ४४०००\|०० | ३३०००\|०० |
| ५ | खेत | | ५५०००\|०० | ४४०००\|०० | ३३०००\|०० |
| | पाखो | | ५५०००\|०० | ४४०००\|०० | ३३०००\|०० |
| ६ | खेत | | ५५०००\|०० | ४४०००\|०० | ३३०००\|०० |
| | पाखो | | ५५०००\|०० | ४४०००\|०० | ३३०००\|०० |
| ७ | खेत | | ३६३०००\|०० | २४२०००\|०० | १६५०००\|०० |
| | पाखो | | १८००००\|०० | १०००००\|०० | ४५०००\|०० |
| ८ | खेत | | ३६३०००\|०० | २४२०००\|०० | १६५०००\|०० |
| | पाखो | | १८००००\|०० | १०००००\|०० | ४५०००\|०० |
| ९ | खेत | | ३६३०००\|०० | २४२०००\|०० | १६५०००\|०० |
| | पाखो | | १८००००\|०० | १०००००\|०० | ४५०००\|०० |
| १० | खेत | | ३६३०००\|०० | २४२०००\|०० | १६५०००\|०० |
| | पाखो | | १८००००\|०० | १०००००\|०० | ४५०००\|०० |
| ११ | खेत | २४२०००\|०० | १८००००\|०० | १२५०००\|०० | ६००००\|०० |
| | पाखो | १२५०००\|०० | ६००००\|०० | ५००००\|०० | २५०००\|०० |
| १२ | खेत | २४२०००\|०० | १८००००\|०० | १२५०००\|०० | ६००००\|०० |
| | पाखो | १२५०००\|०० | ६००००\|०० | ५००००\|०० | २५०००\|०० |
| १३ | खेत | | १२००००\|०० | ६००००\|०० | ४४०००\|०० |
| | पाखो | | ६००००\|०० | ३५०००\|०० | २२०००\|०० |
| १४ | खेत | | १२००००\|०० | ६००००\|०० | ४४०००\|०० |
| | पाखो | | ६००००\|०० | ३५०००\|०० | २२०००\|०० |

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

**अनुसूची १(ग)**

नगरपालिका क्षेत्रभित्रका विभिन्न बजार तथा बजारोन्मुख क्षेत्रका घडेरी जग्गाको न्यूनतम मूल्याङ्कन।

| वडा नं | उपक्षेत्र | न्यूनतम मुल्याङ्कन (प्रति ५०० वर्गमिटरमा) |
|---|---|---|
| | वडा कार्यालय र शाइकुमारी मा वि रोकाजाखेतको वरिपरि १०० मिटर भित्र | रु ३ लाख |

| | | |
|---|---|---|
| १ | कुसुमखोला देखी डाँडागाउ सम्मको कच्ची सडकको दाँयाबाँया ५० मिटर भित्रको जग्गा | रु २ लाख |
| २ | सिस्ने हिमाल मा वि साझेबगर र प्रस्तावित वडा कार्यालय वरिपरिको ५०० मिटर भित्रको जग्गा | ५ लाख |
| | नविन आधारभुत विद्यालय पाहाडाको वरिपरि ५०० मिटर भित्रको जग्गा | ३ लाख |
| | सामुदायिक महिला भवन तथा शहरी स्वास्थ्य केन्द्र पाहाडाको वरिपरि ५०० मिटर भित्रको जग्गा | २ लाख |
| | सरस्वती आ वि स्याला र साविक गाविस भवन रहेको स्थान वरिपरि ५०० मिटर भित्रको जग्गा | ६ लाख |
| ३ | हिमालय मावि खदीको वरिपरि ५०० मिटर भित्र | रु ५ लाख ५० हजार |
| | खदी गाँउ क्षेत्रको मूल सडकको दाँयाबाँया १०० मिटर क्षेत्रको घडेरी | ५ लाख |
| | डोइली खाल देखि चौरा ढिक सम्म मूल सडकको दाँया बाँया १०० मिटर भित्रको घडेरी | ५ लाख |
| ४ | वडा कार्यालय ज्ञानोदय मा वि चौतारा गोतामकोट स्वास्थ्य चौकी को वरिपरि ५०० मिटर भित्र | ५ लाख ५० हजार |
| | पिपल ज्यूला देखि घट्टेखोला सडकको दायाँबाँया रहेका १०० मिटर भित्र घडेरीको | ५ लाख |
| | आत्रेय ऋषि चोक देखी पुलबजार कालापानी बगेना सडकको दाँयाबाँया १०० मिटर भित्र रहेका घडेरी | ६ लाख |
| ५ | सरस्वती मावि मिग्रीको ५००मिटर वरिपरिको जग्गा | ३ लाख |
| | सिमजार देखि ब्रह्मा देवी आवि जोड्ने सडकको दाँयाबाँया रहेका घडेरी | ४ लाख |
| | सरस्वती मा वि मिग्री देखि गैरीपातल सम्मको सडकको दाँयाबाँया १०० मिटर भित्रको घडेरी | १ लाख ५० हजार |
| ६ | सूर्योदय मा विको वरिपरि ५०० मिटरभित्र | ५ लाख |
| | बगेना मूलबजार दामाचौर सडकको दाँयाबाँया रहेका घडेरी | ३ लाख |
| | त्रिवेणी बजारको मुलसडक दाँयाबाँया रहेका घडेरीको | ४ लाख |
| ७ र ८ | राडीज्यूला दाजे सडकको खारखारा क्षेत्र | ७ लाख ५० हजार |
| | हिमालय मा वि दाँजे तथा ७ र ८ नं वडा कार्यालयको वरिपरि ५०० मिटर भित्रका घडेरी | ५ लाख |
| | खारखारा देखि डाँफे सडक र खारखारा गारा सिमतारा सडकको दाँयाबाँया १०० मिटर भित्रका घडेरी जग्गा | ३ लाख |
| | हिमालय मावि दाजे देखि ८ नं वडा कार्यालय सम्मको सडकको दाँयाबाया १०० मिटर भित्रको जग्गा वा घडेरी | ३ लाख |
| | सिर्जना आ वि घर्तीगाँउको वरिपरि ५०० मिटर भित्रको जग्गा | ३ लाख |
| ९ | पुलचोक नेत्रचोक बालकल्याण मावि सम्म तथा नेत्रचोक जनयुद्ध चोक हुदै भैरवी चोक सम्म १०० मिटर भित्र मुलबाटोमा जोडिएका जग्गा घडेरी | २५ लाख |
| | नगरचोक हुदै सहिद स्मृति दिपज्योति नमुना मा वि जाने सडकको दाँयाबाँया १०० मिटर भित्रको घडेरी जग्गा | २५ लाख |
| | भैरवी चोक हुदै सहिद चोक सम्म सडकको दाँयाबाँया १०० मिटर भित्रका घडेरी जग्गा | १८ लाख |
| | क्याम्पस रोड (रामघाट मन्दिर जाने सडक)को दायाबाया १०० मिटर भित्रका जग्गा | १५ लाख |

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

| | | |
|---|---|---|
| | वीरेन्द्र चोक भेरवी चोक जोड्ने (भित्री सडक) सडकको दायाबाया १०० मिटर भित्रका जग्गा | २५ लाख |
| | माथि उल्लिखित मूल सडक भन्दा ५०० मिटर भित्रका जग्गा | १५ लाख |
| | कच्ची सडकको दाँयाबाँयाका क्षेत्र १०० मिटर भित्रका | ५ लाख |
| | सहिद समेति दिपज्योति नमूना मा वि को वरिपरि १०० मिटर क्षेत्र भित्रको जग्गा | १५ लाख |
| १० | पुलचोक देखि घारीखोला हुदै खलङ्गा जाने सडकको दायाबाया १०० मिटर भित्रका जग्गा | ८ लाख ८० हजार |
| | जनविकास मा वि र कर्णाली वेभरेज तथा जनता मावि झिनचौरको वरिपरि ५०० मिटर भित्रकाजग्गा घडेरी | ५ लाख |
| ११ | सिमबजार क्षेत्रको मूल सडकबाट १०० मिटर भित्रका घडेरी | रु २० लाख |
| | सिमबजार क्षेत्रको मूल सडकबाट १०० मिटर भन्दा बाहिर घडेरी | रु १३ लाख ५० हजार |
| | चिसापानी बजार, ने रा मा वि गत्तसैनाको वरिपारि ५०० मिटर भित्रको जग्गा, धुर्सेनी क्षेत्रको मुल सडकको दाँयाबाँया १०० मिटरको घडेरी | रु ५ लाख |
| | चिसापानी बजार, ने रा मा वि गत्तसैनाको वरिपारि ५०० मिटर भित्रको जग्गा, धर्सेनी क्षेत्रको मुल सडकको दाँयाबाँया १०० मिटर भन्दा बाहिरको घडेरी | रु ४ लाख ४० हजार |
| १२ | पुलचोक देखि घारीखोला हुदै खलङ्गा जाने सडकको दाँयाबाँया १०० मिटर भित्रका जग्गा तथा कर्णाली वेभरेज प्रा लिको वरिपरि ५०० मिटर भित्रको जग्गा | ८ लाख ८० हजार |
| | हाल वडा कार्यालय भवन रहेको स्थान वरिपरि १०० मिटर भित्रका घडेरी | २ लाख |
| १३ | भल्मा बजार क्षेत्रको दाँयाबाँया १०० मिटर भित्र तथा वडा कार्यालय र जनजागरण मा वि गाँउबारी वरिपरिको ५०० मिटर भित्रको घडेरी | क्रमश: ७ लाख र २ लाख |
| | भल्मा बजार क्षेत्रको दाँयाबाँया १०० मिटर बाहिर ५०० मिटर क्षेत्रमा | ४ लाख |
| १४ | बाँके ज्यूला, पिपलचौर, छेपारे बजार क्षेत्र तथा वडा कार्यालय वरिपरि १०० मिटर भित्रका क्षेत्रमा रहेका घडेरी | ७ लाख ७० हजार |
| | कच्ची सडकको दाँयाबाया १०० मिटर क्षेत्र | ३ लाख |
| | बाँके ज्यूला, पिपलचौर, छेपारे बजार क्षेत्र तथा वडा कार्यालय वरिपरि १०० मिटर बाहिरका ५०० मिटर क्षेत्रमा रहेका घडेरी | ४ लाख ४० हजार |

अनुसूची १ (घ)

विविध

| |
|---|
| कुनै जग्गामा घर गोठ रहेछ भने घरले चर्चेको जग्गाको मूल्यको थप ५० प्रतिशत मूल्य कायम गरि थैली अङ्क कायम गर्नु पर्नेछ। |
| जग्गा रजिष्ट्रेसन पास गर्दा घर बाटो खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र दलित वर्गमा पर्दछ भने दलितको सिफारिस मालपोत कर र सम्पत्तिकर तिरेको रसिद एवम् वडा कार्यालयले गर्ने अन्य सिफारिसहरु अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ । सिफारिसमा तोकिएको मापदण्ड जस्तै: सडक देखि १०० मिटर भित्र पर्छ वा ५०० मिटर भित्र पर्छ या सो भन्दा बाहिर पर्छ भन्ने कुरा ) बारे स्पष्ट रुपमा खुलाईएको हुनु पर्नेछ । सो जग्गामा घर छ भने घरको किसिम पक्की वा कच्ची कुन खालको हो खुलाउनु पर्नेछ। |
| नगरपालिका वडा कार्यालय वा अन्य विषयगत निकायबाट सिफारिस दिंदा वा वडा कार्यालय वा नगरपालिका वा अन्य विषयगत कार्यालयबाट अनुदान ऋण वा राहत प्रदान गर्दा वा कुनै उपभोक्ता समिति विद्यालय व्यवस्थापन समिति वा अन्य यस्तै समितिहरुमा बस्दा कानुन बमोजिम कर तिरे नतिरेको जाँचबुझ गरि करतिरेको रसिद संलग्न गर्न लगाउनुपर्नेछ । कानुन बमोजिम कर नतिर्ने व्यक्तिहरुलाई नगरपालिका वा मातहतका कार्यालयहरुबाट प्रदान गरिने सेवाबाट वञ्चित गरिने छ। |
| सिफारिस दिने अधिकारीले मूल्याङ्कन पुस्तिका एक पटक राम्ररी अध्ययन गरि पुस्तिकामा भने बमोजिमको सिफारिस दिनु पर्नेछ। |

अनुसूची १ (ङ)

- संरचनाको हासकट्टी

| संरचनाको | आर.सि.सी फ्रेम | सिमेन्ट जोडाईमा | माटोको जोडाईमा आर.सि.सी. वा सिमेन्ट | माटोको जोडाईमा जस्ता | सेड वा |
|---|---|---|---|---|---|

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

| किसिम | स्टक्चर | आर.सि.सी. छाना | जोडाईमा जस्ता वा टायलको छानो | वा टायलको छाना | कच्ची घर |
|---|---|---|---|---|---|
| १-३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३-६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६-९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९-१२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२-१५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५-१८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८-२१ वर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |

**अनुसूची २**

- भूमी तथा मालपोत कर

| क्र सं | दर (प्रति ५०० वर्गमिटरमा) | पुष्ट्याई | कैफियत |
|---|---|---|---|
| १ | अनुसूची २ (क) मा उल्लेख भए अनुसार लगाउने | प्रगतिशीलकरको सिद्धान्त अनुसार | घर र घरले चर्चेको जग्गामा बाहेकको जग्गामा भूमी वा मालपोत कर लगाइनेछ । वार्षिक जरिवाना १० प्रतिशत हुनेछ । विगत वर्षहरुको वक्यौता समेत यसै बमोजिम हुनेछ । |

**अनुसूची २ (क)**

जग्गाको वर्गिकरण अनुसार मालपोत दर

| वडा नं. | क्षेत्र | वर्गीकरण | स्थान | मालपोत करको दर रु./५०० वर्गमिटर |
|---|---|---|---|---|
| १ | कृषि | क | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | २५ |
| | | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | १५ |
| | वन र वगर | ग | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | १० |
| २ | कृषि | क | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३० |
| | | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २० |
| | वन र वगर | ग | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | १० |
| ३ | कृषि | क | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३५ |
| | | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | ग | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| ४ | आवासिय | क | कच्ची सडकले छोएका सडक देखि १०० मिटर भित्रका जग्गाहरु | ४५ |
| | कृषि | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३० |
| | वन र वगर | घ | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| ५ | आवासिय | क | कच्ची सडकले छोएका सडक देखि १०० मिटर भित्रका जग्गाहरु | ४५ |
| | कृषि | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३० |
| | वन र वगर | घ | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| ६ | आवासिय | क | कच्ची सडकले छोएका सडक देखि १०० मिटर भित्रका जग्गाहरु | ४५ |

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम)

| | | | | |
|---|---|---|---|---|
| | कृषि | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३० |
| | वन र वगर | घ | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| ७ | आवासिय | क | कच्ची सडकले छोएका सडक देखि १०० मिटर भित्रका जग्गाहरु | ५० |
| | कृषि | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४५ |
| | | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | घ | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| ८ | आवासिय | क | कच्ची सडकले छोएका सडक देखि १०० मिटर भित्रका जग्गाहरु | ४५ |
| | कृषि | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३५ |
| | | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | घ | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| ९ | व्यापारिक | क | पुलचोक देखि नेत्रचोक हुँदै जनयुद्ध चोकबाट भैरवीसम्म र नेत्रचोक देखि लोकेन्द्र चोक हुँदै बालबकल्याण मा विसम्मको मुल सडकको दाँयाबाँया १०० मिटरभित्रको क्षेत्र | २०० |
| | आवासिय | ख | पुलचोक देखि नेत्रचोक हुँदै जनयुद्ध चोकबाट भैरवीसम्म र नेत्रचोक देखि लोकेन्द्र चोक हुँदै बालबकल्याण मा विसम्मको मुल सडकको दाँयाबाँया १०० मिटर बाहिरको क्षेत्र, पुलचोक देखि नगरचोक हुँदै सहिद स्मृति मा वि सम्मको सडकको दाँयाबाँया १०० मिटर भित्रको क्षेत्र, भैरवी चोक देखि लोकेन्द्र चोकसम्मको १०० मिटरभित्रको क्षेत्र | १७५ |
| | | ग | पुलचोक देखि मुसिकोट जाने सडकको दाँयाबाँया १०० मिटर भित्रको क्षेत्र | १०० |
| | | घ. | कच्ची सडकले छोएका सडक देखि १०० मिटरभित्रका जग्गाहरु | ५० |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४५ |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | छ | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| १० | आवासिय | क | पुलचोक देखि घारीखोला हुँदै मुसिकोट जाने सडकको दाँयाबाँया १०० मिटर भित्रको क्षेत्र | १०० |
| | | ख | कच्ची सडकले छोएका सडक देखि १०० मिटरभित्रका जग्गाहरु | ५० |
| | कृषि | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४५ |
| | | | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | घ | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| | व्यापारिक | क | सिमबजार क्षेत्रको मूल सडकको दाँयाबाँया १०० मिटरभित्रक क्षेत्र | २०० |
| | | ख | चिसापानी र चौरको मूल सडकको दाँयाबाँया १०० मिटरभित्रको क्षेत्र | १२० |
| ११ | आवासिय | ग | छेपारे-चिसापानी-सिमबजार सडकको चिसापानी, चौर र सिमबजार क्षेत्र बाहेक अन्य क्षेत्रका १०० मिटर भित्रका क्षेत्रमा | १०० |
| | | घ | कच्ची सडकले छोएका सडक देखि १०० मिटरभित्रका जग्गाहरु | ४५ |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |

आठविसकोट नगरपालिका रुकुम(पश्चिम)

| | | | | |
|---|---|---|---|---|
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | छ | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| १२ | आवासिय | क | पुलचोक देखि घारीखोला हुँदै मुसिकोट जाने सडकको दाँयाबाँया १०० मिटर भित्रको क्षेत्र | १०० |
| | | ख | कच्ची सडकले छोएका सडक देखि १०० मिटरभित्रका जग्गाहरु | ४५ |
| | कृषि | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | घ | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | ङ | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| १३ | आवासिय | क | छेपारे-चिसापानी-सिमबजार सडकको दाँयाबाँया १०० मिटर भित्रका क्षेत्रमा | १०० |
| | | ख | कच्ची सडकले छोएका सडक देखि १०० मिटरभित्रका जग्गाहरु | ४५ |
| | कृषि | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | घ | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | ङ | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| १४ | आवासिय | क | छेपारे-चिसापानी-सिमबजार सडकको दाँयाबाँया १०० मिटर भित्रका क्षेत्रमा | १०० |
| | | ख | कच्ची सडकले छोएका सडक देखि १०० मिटरभित्रका जग्गाहरु | ४५ |
| | कृषि | ग | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | घ | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ३५ |
| | वन र वगर | ङ | खोला भित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |

अनुसूची ३

- घर बहाल कर

| क्र सं | दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|
| १ | बहाल अङ्कको १० प्रतिशतका दरले वहालकर लगाउने । वहालकर लगाउने प्रयोजनका लागि वहालमा दिने संरचनाको न्यूनतम भाडा अनुसूची ३ बमोजिम हुनेछ। | प्रगतिशील करको सिद्धान्त अनुसार | वहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक अवधिलाई आधार मानि वहाल कर बुझाउनु पर्नेछ । क्षेत्रगत आधारमा आठविसकोट नगर कार्यपालिकाले न्यूनतम वहाल दर तोक्न सक्नेछ। नगर कार्यपालिकाले निर्धारण गरेको कार्यविधी अनुसार करदाताले स्वयम् घोषणा गरेको वा सम्झौता पत्रमा उल्लेख भएको आधारमा वहाल कर निर्धारण गरिनेछ। |
| २. कुल भाडा रकमको १० प्रतिशतका दरले मासिक रुपमा भाडा वापतको वहाल कर लगाईने र असुल गरिनेछ। | | | |
| ३. वहाल करको लागि विभिन्न वर्गका घरहरु/ग्यारेज/घुम्ती/जग्गा/अन्य संरचनाको न्यूनतम कोठा भाडादर देहाय बमोजिम रहेको छ। यसमा उल्लिखित बाहेक अन्य कार्यविधी आठविसकोट नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ। | | | |

**अ. बजार क्षेत्र भन्दा बाहिर रहेका कच्ची घरको वहालकर संकलन गर्ने प्रयोजनका लागि कोठा/सटरको भाडा दर**

| क वर्ग | | ख वर्ग | | ग वर्ग | | घ वर्ग | |
|---|---|---|---|---|---|---|---|
| आवास | व्यवसाय | आवास | व्यवसाय | आवास | व्यवसाय | आवास | व्यवसाय |
| १००० | १५०० | ८०० | १२०० | ७५०।०० | १०००।०० | ५००।०० | ७५०।०० |

| **आ.** | **राडी बजारको नेत्रचोक देखि हाल प्रभु बैक रहेको स्थान तथा नेत्र चोक देखि राजेन्द्र चन्दको घरसम्मको कोठाको भाडादर** | |
|---|---|---|
| क. | पक्की घरको आवास प्रयोजनको /कोठा | १५०० |
| ख. | पक्की घरको व्यवसाय प्रयोजनका सटर भाडा | १०००० |
| ग. | कच्ची घरको आवास प्रयोजनको /कोठा | ५०० |

आठविसकोट नगरपालिका रुकुम(पश्चिम)

| | | |
|---|---|---|
| घ. | कच्ची घरको व्यवसाय प्रयोजनका सटर भाडा | १००० |
| ङ | सटर स्टाइलका घुम्ती वा अस्थायी प्रकृतिका जस्ताबाट निर्मित सटरको भाडा दर | ५००० |
| च. | घुम्ती / १०० वर्गमिटर | १००० |
| **इ.** | **राडी बजारको हाल प्रभु बैंक रहेको स्थान देखि भैरवी पुलसम्म रहेका घरका कोठाको भाडादर** | |
| क. | पक्की घरको आवास प्रयोजनको /कोठा | १००० |
| ख. | पक्की घरको व्यवसाय प्रयोजनका सटर भाडा | ४००० |
| ग. | कच्ची घरको आवास प्रयोजनको /कोठा | १००० |
| घ. | कच्ची घरको व्यवसाय प्रयोजनका सटर भाडा | १५०० |
| ङ | सटर स्टाइलका घुम्ती वा अस्थायी प्रकृतिका जस्ताबाट निर्मित सटरको भाडा दर | १५०० |
| च. | घुम्ती / १०० वर्गमिटर | ५०० |
| **ई** | **राडी बजारको वीरेन्द्र चोक देखि सिमबजार जाने झोलुङ्गेपुल हुँदै हाल नगरपालिका रहेको स्थान तथा रहेको स्थान सम्मको कोठाको भाडादर** | |
| क. | पक्की घरको आवास प्रयोजनको /कोठा | १५०० |
| ख. | पक्की घरको व्यवसाय प्रयोजनका सटर भाडा | ५००० |
| ग. | कच्ची घरको आवास प्रयोजनको /कोठा | १००० |
| घ. | कच्ची घरको व्यवसाय प्रयोजनका सटर भाडा | १५०० |
| ङ | सटर स्टाइलका घुम्ती वा अस्थायी प्रकृतिका जस्ताबाट निर्मित सटरको भाडा दर | २००० |
| च. | घुम्ती / १०० वर्गमिटर | १००० |
| **उ** | **हाइस्कूल रोडमा रहेको राजेन्द्र चन्दको घर देखि वालकल्याण मा वि सम्म रहेका घरको कोठा भाडादर** | |
| क. | पक्की घरको आवास प्रयोजनको /कोठा | १५०० |
| ख. | पक्की घरको व्यवसाय प्रयोजनका सटर भाडा | ३००० |
| ग. | कच्ची घरको आवास प्रयोजनको /कोठा | १००० |
| घ. | कच्ची घरको व्यवसाय प्रयोजनका सटर भाडा | १५०० |
| ङ | ग्यारेज /१०० वर्ग मिटर | ५००० |
| च. | सटर स्टाइलका घुम्ती वा अस्थायी प्रकृतिका जस्ताबाट निर्मित सटरको भाडा दर | १५०० |
| च. | घुम्ती / १०० वर्गमिटर | ८०० |
| **ऊ** | **सिमबजारका घरका कोठाको भाडादर** | |
| क. | पक्की घरको आवास प्रयोजनको /कोठा | १५०० |
| ख. | पक्की घरको व्यवसाय प्रयोजनका सटर भाडा | ६००० |
| ग. | कच्ची घरको आवास प्रयोजनको /कोठा | १००० |
| घ. | कच्ची घरको व्यवसाय प्रयोजनका सटर भाडा | २००० |
| ङ | ग्यारेज /१०० वर्ग मिटर | ५००० |
| च. | सटर स्टाइलका घुम्ती वा अस्थायी प्रकृतिका जस्ताबाट निर्मित सटरको भाडा दर | ३००० |
| छ. | घुम्ती / १०० वर्गमिटर | १००० |
| **ए** | **नगरपालिका क्षेत्रभित्र रहेका चिसापानी, बाँकेज्यूला, छेपारे, छरे बगर, बगेना, मूलबजार, त्रिवेणी, मन्काबगर, चौताराका बजार क्षेत्रमा रहेका घरका कोठाको भाडादर** | |
| क. | पक्की घरको आवास प्रयोजनको /कोठा | १५०० |
| ख. | पक्की घरको व्यवसाय प्रयोजनका सटर भाडा | ३००० |
| ग. | कच्ची घरको आवास प्रयोजनको /कोठा | ५०० |
| घ. | कच्ची घरको व्यवसाय प्रयोजनका सटर भाडा | १००० |
| ङ | ग्यारेज /१०० वर्ग मिटर | ३००० |

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

| | | |
|---|---|---|
| च. | सटर स्टाइलका घुम्ती वा अस्थायी प्रकृतिका जस्ताबाट निर्मित सटरको भाडा दर | १००० |
| छ | घुम्ती / १०० वर्गमिटर | ५०० |

**अनुसूची ४**

- व्यवसाय कर

| क्र सं | व्यवसायको विवरण | व्यवसायको नाम | दर्ता शुल्क रु | नविकरण शुल्क रु |
|---|---|---|---|---|
| १ | किराना पसल | गल्ला होलसेल | ३००० | १५०० |
| २ | | खुद्रा तथा किराना पसल | ५०० | २५० |
| ३ | | अन्य (थौरै पुजी भएका किराना पसल ग्रामिण भेगका) | २०० | १०० |
| ४ | लत्ता कपडा पसल | फेन्सी (होलसेल र फुटकर) | २००० | १००० |
| ५ | | काचो कपडा (होलसेल र फुटकर) | २००० | १००० |
| ६ | | फेन्सी र काचो कपडा दुवै भएमा | ५००० | २५०० |
| ७ | | फेन्सी र काचो कपडा खुद्रा | १५०० | ७५० |
| ८ | शैलुङ नाई व्यवसाय | | १००० | ५०० |
| ९ | सुनचाँदी व्यवसाय | | ४००० | २००० |
| १० | सिलाईकटाई | साधारण | १००० | ५०० |
| ११ | | टेलरिङ्ग सेन्टर | ३००० | १५०० |
| १२ | होटेल व्यवसाय | रेष्टुरेन्ट (लजिङ फुडिङ दुवै भएको ) | ५००० | २५०० |
| १३ | | होटेल (लजिङ एण्ड फुडिङ दुवै भएको ) | ३००० | १५०० |
| १४ | | सामान्य (खानाको व्यवस्था भएको चिया नास्ता बेच्ने) | १५०० | ७५० |
| १५ | | सामान्य (चिया नास्ता मात्रै बेच्ने) | ५०० | २५० |
| १६ | बैंक तथा वित्तिय कारोवार | IME, Money Transfer, लघु वित्त | १०००० | ५००० |
| १७ | | रेमिन्ट्यान्सको कारोवार गर्ने सहकारी, लघु वित्त तथा वित्तिय संस्थाहरु | ७५०० | ३७५० |
| १८ | | कृषि, श्रम, वचत तथा ऋण, बहुउद्देश्यीय सहकारी संस्था | ५००० | २५०० |
| १९ | | बैंक (क वर्ग) | ३५००० | १७५०० |
| २० | | बैंक (ख वर्ग) | २०००० | १०००० |
| २१ | | बैंक (ग वर्ग) | १०००० | ५००० |
| २२ | | बैंक (घ वर्ग) | ७५०० | ३७५० |
| २३ | निजि शैक्षिक संस्था | प्रति कक्षा वा सेक्सन / वर्ष | ७५०० | |
| २५ | | मन्टेश्वरी / पूर्व प्राथमिक शिक्षा / वर्ष | ५००० | |
| २५ | औषधी पसल | ग्रामिण भेगमा संचालित | २५०० | १२५० |
| २६ | | बजारी क्षेत्रमा सञ्चालित | ५५०० | २७५० |
| २७ | किलनिक | | ६२०० | ३१०० |
| २८ | पोलिक्लिनिक | | ११००० | ५५०० |
| २९ | सामुदायिक अस्पताल | | २२००० | ११००० |
| ३० | | काष्ठ फर्निचर (साधारण) | ४००० | २००० |
| ३१ | | काष्ठ उद्योग (फर्निचर समेत) | ५००० | २५०० |
| ३२ | | ग्रील | ५००० | २५०० |
| ३३ | | क्रसर | ५५००० | २७५०० |

